सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई-पत्रिका

वर्ष २, अंक १०, असार-श्रावण २०६५, काठमाण्डौं

## यस अंकमा......

१. सम्पादकीय

२. इन्टरनेट र बालबालिका

३. विज्ञप्ति

४. गतिविधि

५. तथ्य

## महिनाको तस्वीर...



पढ्न, लेख्न, खेल्न त मलाई पनि मन छ
घाँस, दाउरा चुलो गर्नु, सधैँ आमा भन्छ

# परिवर्तित अवस्था र शिक्षा

समृद्ध र नयाँ नेपाल बनाउनको लागि शिक्षामा विशेष लगानी गर्नेपर्नेमा यस क्षेत्रका सरोकारवालाहरुले जोड दिएका छन् । उनीहरुले प्रत्येक नागरिकलाई शिक्षा प्रदान गर्नु राज्यको दायित्व समेत भएको धारणा राखेका छन् । बालतृणा मासिक तथा सिविन नेपालद्वारा परिवर्तित अवस्था र शिक्षा बिषयमा हालै राजधानीमा आयोजना गरिएको विचार गोष्ठीका सहभागीहरुले उक्त धारणा राखेका हुन् । सोही कार्यक्रमका सहभागीहरुले शिक्षामा व्यापारिककरण बन्द गरिनुपर्ने, शिक्षा प्राविधिक र व्यवहारिक दुवै हुनुपर्ने, निजी र सार्वजनिक विद्यालयबीचको विभेद हटाउनुपर्ने, शिक्षालाई रोजगारमुखी तथा व्यवसायिक बनाउनुपर्नेमा समेत जोड दिएका थिए । नेपालमा निजी क्षेत्रबाट सञ्चालित विद्यालयप्रति अभिभावकहरुको आकर्षण बढिरहेको अवस्थामा शिक्षाका सरोकारवालाहरुले समेत एउटै लक्ष्य र उद्देश्यका साथ अगाडि बढ्नुपर्ने धारणा कार्यक्रमका मुख्य अतिथि नेकपा एमालेका सभासद शंकर पोखरेलले राख्नुभएको थियो । उहाँले नेपालका प्रमुख राजनैतिक दलहरुबीचमा पनि शिक्षाको सवालमा एउटै सहमति हुनु पनि उत्तिकै जरुरी भएको बताउनुभयो । निश्चय पनि राजनीतिक सहमतिबिना कुनै पनि कार्यक्रमलाई प्रभावकारी बनाउन सकिँदैन अहिलेको सन्दर्भमा ।

अझैसम्म पनि विद्यार्थीहरुलाई विद्यालयमा पर्याप्त रुपमा आकर्षण गर्न सकिएको अवस्था छैन । हरेक वर्ष कक्षा १ मा भर्ना भएका सम्पूर्ण बालबालिकामध्ये २१ प्रतिशतले विद्यालय छाड्ने गरेको तथ्य हाम्रो सामु छ ।

त्यसो त, कार्यक्रममा सहभागी विद्यार्थी नेताहरुले भने कक्षा ८ सम्म प्राथमिक बनाइ त्यसलाई निःशुल्क बनाउनुपर्ने धारणा राखेका थिए । उनीहरुका अनुसार, अझैसम्म पनि सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षामा मात्र १५ प्रतिशत विद्यार्थी उर्तिर्ण भएकाले झण्डै ८० प्रतिशत विद्यार्थी अयोग्य सावित भएको धारणा राखेका थिए । कार्यक्रममा प्राध्यापक डा.विद्यानाथ कोइरालाले नेपालमा देशको कूल बजेटको १ प्रतिशतमात्र औपचारिक शिक्षामा छुट्ट्याइनु बिडम्बनापूर्ण अवस्था रहेको बताउनुभयो । उहाँले नेपालमा अत्यन्त कठिनताकासाथ प्रतिवर्ष १ प्रतिशतका दरले साक्षरता दर बढेको बताउनुभयो । नेपालमा अन्य विकसित राष्ट्रहरुको तुलनामा अत्यन्त न्यून रुपमा शिक्षामा लगानी गरिने गरेको छ, जसले देशको भविष्य निर्माणमामै प्रश्न चिन्ह खडा गरेको छ ।

शिक्षामा रहेका चुनौतीहरुलाई सबैपक्षले गम्भीररुपमा लिनु पर्दछ र देशको परिवर्तित अवस्थामा शिक्षामा जनताले अपेक्षा गरे अनुरुप परिवर्तन ल्याउने जिम्मेवारी सबै सरोकारवालाहरु समक्ष रहेको छ ।




❒

# बालबालिकाहरूले इन्टरनेटको कसरी प्रयोग गरिरहेका छन् भन्ने बारेमा निगरानी राख्नु जरुरी छ ।

– सेसिल ल्याम्पे
अभियान सल्लाहकार, पोटेक्टिङ्ग चिल्ड्रेन अनलाइन इन नेपाल

*इन्टरनेट प्रसस्त श्रोतको खानी हो भने नयाँ सूचना पाउने एउटा सहज मध्यम पनि हो । यसले मानव जीवनका कतिपय अवस्थालाई सहज बनाएको छ । एकातिर यसको सकारात्मक पक्ष रहेको छ भने अर्कोतिर इन्टरनेटको नकारात्मक पक्षपनि उत्तिकै विद्यमान रहेको छ । इन्टरनेटमा मावनजीवनका लागि उपयोगी सूचना सागम्रीहरुका साथै हानीकारक सूचना पनि सँगसँगै प्रवाहित भइरहेका हुन्छन् । जसको प्रत्यक्ष प्रभाव बालबालिकामाथि पनि पर्न सक्दछ ।*

*यसै सन्दर्भमा इन्टरनेटमा बालबालिकाको कसरी दुर्व्यवहार हुन्छ ? र उनीहरुलाई यसबाट कसरी जोगाउने भन्ने बारेमा सचेतना अभिबृद्धि गर्नको लागि सिविन नेपालले यस सम्बन्धी एउटा विशेष कार्यक्रम सुरु गरेको छ । उक्त कार्यक्रमलाई सञ्चालन गर्नको लागि अभियान सल्लाहकार हल्याण्डकी सेसिल लाम्पे उहाँको सहयोगीहरुको एउटा समूह क्रियाशील रहेको छ । यसै मेसोमा हामीले उक्त परियोजना र इन्टरनेटमा बालबालिकाको दुरुपयोगलाई कसरी रोक्न सकिन्छ भनेर यस परियोजनाकी अभियान सल्लाहकार सेसिल लाम्पेसँग संक्षिप्त भेटवार्ता गरेका थियौं । प्रस्तुत छ, उक्त भेटवार्ताको सारांश :*

### यो परियोजना नेपालमा किन सुरु गरिएको हो ?

यो परियोजना सुरु गर्नको लागि मलाई सिविनले आग्रह गर्‍यो किनकी, यसअघि नै सिविन नेपालले काठमाण्डौ उपत्यका र अन्य केही जिल्लाहरुमा बालयौन दुर्व्यवहारका बारेमा छुट्टै अध्ययन गरिसकेको थियो । उक्त अध्ययनका क्रममा बालबालिकाहरुसँग गरिएको अन्तरवार्तामा यस्ता धेरै बालबालिकाहरुले आफूहरु इन्टरनेटमा अश्लील सामग्रीहरु मार्फत यौनदुर्व्यवहारको शिकार हुने गरेको बताएका थिए । यसैक्रममा सिविन नेपालले यस बिषयमा केही गर्ने निधो गर्‍यो । किनकी मसँग हल्याण्डमा यस बिषयमा काम गरेको धेरै अनुभवहरु थियो । त्यसैकारण हामीले यो परियोजना सुरु गरेका हौं ।

### यो परियोजना कति चरणमा सम्पन्न हुनेछ ?

निश्चयपनि, यो परियोजना मूलतः तीन भागमा सम्पन्न हुनेछ । सुरुमा हामी नेपाली बालबालिकाहरुले इन्टरनेट अनलाइनका बारेमा कस्तो अनुभव गरेका छन् भन्ने बिषयमा अनुसन्धान गर्नेछौं । हामीलाई विश्वमा इन्टरनेटका मार्फत बालबालिकाहरुमाथि के कस्ता गतिविधिहरु भइरहेका छन् भन्ने बारेमा धेरै जानकारी छ । तर हामी नेपाली बालबालिकाहरुको सन्दर्भमा के भइरहेको छ भन्ने बारेमा थाहा पाउन चाहन्छौ । यसको लागि हामीले बृहत सर्वेक्षण गर्नेछौं । हुनत यसक्रममा अहिलेसम्म हामीले थुप्रै समूहगत छलफल पनि सम्पन्न गरिसकेका छौं । त्यसैगरी दोश्रो चरणमा हामी यस बारेमा आम जनता, अभिभावक, शिक्षक, बालबालिका लगायत तमाम समुदायलाई इन्टरनेट अनलाइन र यसबाट बालबालिकामाथि पर्न सक्ने जोखिमका बारेमा सचेतना अभिबृद्धिका साथै यसबाट कसरी जोगिने भन्ने बारेमा जानकारी दिन चाहन्छौं । किनकी, अहिले **इन्टरनेट अनलाइनका** बारेमा अभिभावकहरुमा आवश्यकीय ज्ञान हुन नसक्दा उनीहरुले सही रुपमा आफ्ना बालबालिकालाई निर्देश गर्न सकिरहेका छैनन् । त्यस्तै हामीले यस परियोजना अन्तर्गत तेश्रो चरणमा भने हामी इन्टरनेट सेवा प्रदायकहरु, साइवर क्याफे सञ्चालक तथा सरकारका जिम्मेवार निकायहरुसँग छलफल गरी नेपालमा इन्टरनेट अनलाइनबाट नेपाली बालबालिकालाई जोगाउन के कस्तो पहलहरु गर्न सकिन्छ भन्ने बारेमा बृहत रुपमा छलफल गर्न चाहन्छौ ।

यसक्रममा सरकारले यसका सन्दर्भमा अध्ययन गरी यसका बारेमा छुट्टै नीति र कानुन बनाएर यसका असरलाई रोक्न सक्दछन ।

**यसै सन्दर्भमा तपाईहरुले विभिन्न चरणमा बालबालिकाहरुसँग छलफल पनि गरिसक्नुभएको छ ? उनीहरुसँगको छफलको क्रममा के पाउनुभयो ?**

हो हामीले उनीहरुसँगको छलफलबाट मुख्यतया नेपाली बालबालिकाहरुको इन्टरनेट अनलाइन सम्बन्धीको अनुभव विश्वका अन्य बालबालिकाहरु भन्दा खासै भिन्न पाएनौं । छलफलका क्रममा धेरै बालबालिकाहरुले इन्टरनेटमा अश्लील दृश्यहरु हेरेका वा देखेका छन, जुन उनीहरुको लागि अत्यन्त असहज समेत हुने गरेको छ । त्यस्तै हामीले छलफलका क्रममा यो पनि थाहा पायौं कि कतिपय युवतीहरु जब इन्टरनेट अनलाइनमा च्याटिङ गर्दछन् । त्यतिखेर अधिकांशले आफूले नचिनेका व्यक्तिहरुसँग कुराकानी गर्ने गर्दछन् । यसक्रममा त्यस्ता व्यक्तिहरुले विभिन्न खालका अश्लील शब्दहरुको प्रयोग समेत गर्ने गरेका छन् । यो सामान्यतया विश्वका सबैजसो ठाउँमा हुने गरेको छ, जुन यहाँपनि रहेको पाइएको छ । कतिपय अवस्थामा यस्तो पनि पाइएको छ कि, इन्टरनेटमा च्याट गर्दा कुनै युवतीले आफ्नै उमेर समूहका व्यक्ति र राम्रो साथी ठानी कुराकानी गर्दछन् । यसक्रममा उनीहरुले कुनै ठाउँमा भेट्ने समय समेत मिलाउने गर्दछन् । यसमा रोचक कुरा त यो छ कि, जब उनीहरु कुनै एकान्तमा भेट्न खोज्छन्, तब आफूले भेट्न खोजेको मानिस आफूले सोचेको भन्दा बृद्ध र कुरुप देख्दा त्यहाँबाट तुरुन्त भाग्ने गरेको समेत पाइएको छ । तर कतिपय अवस्थामा यदि केटी मानिसले एक्लै भेट्न खोजेको खण्डमा भने त्यहाँ जोखिम पनि हुन सक्दछ । छलफलका क्रममा हामीले यो पनि पत्ता लगायौं कि, अधिकांश किशोरकिशोरीहरुले आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणहरु जस्तै, ठेगाना, फोन नम्बर, इमेल ठेगाना, उनीहरु पढ्ने विद्यालय आदि इत्यादि अरुलाई बाड्ने गर्दछन् । किनकी, यसका असरका बारेमा उनीहरु यसबारेमा आवश्यकीय रुपमा सचेत छैनन् । कतिपय अवस्थामा उनीहरुसँग इन्टरनेटमा च्याट गर्ने व्यक्तिले यीनै कुराहरु मार्फत हानी पनि पुऱ्याउन सक्दछन् । कतिपय बालबालिकाहरु त आफूले इन्टरनेटमा देखेका र भोगेका कुराहरुका बारेमा आफ्ना अभिभावकहरुसँग कुराकानी पनि गर्दैनन् । जसको कारण इन्टरनेटमा आफ्ना बालबालिकाहरुले के कस्ता कुराहरु हेरिरहेका छन् भन्ने बारेमा अभिभावकहरुमा पनि पर्याप्त जानकारी हुँदैन ।

**इन्टरनेटको गलत प्रयोगबाट कसरी जोगिन सकिन्छ त ? तपाई कुनै सुझाव दिन चाहनुहुन्छ ?**

निश्चयपन म केही सुझाव प्रस्तुत गर्न चाहन्छु । सुरुमा त म बालबालिकाहरुलाई के भन्न चाहन्छु भने कसैलाई पनि आफ्नो व्यक्तिगत विवरण दिनुहुँदैन । तपाईहरुले दिनुभएको नाम, ठेगाना, टेलिफोन वा अन्य यस्ता विवरणहरुका कारण गलत नियत भएका मानिसहरुले तपाईलाई दुरुपयोग गर्न सक्दछन् ।

दोश्रो कुरा, इन्टरनेट प्रयोग गर्दा यदि तपाईहरुले कुनै नराम्रो अनुभव गर्नुभएको छ भने, आफूभन्दा वयस्क मानिसहरु तथा आफूले विश्वास गर्ने नजिकको मानिससँग भन्ने गर्नुस् । यदि, तपाईले इन्टरनेट अनलाइनमा च्याट गर्दा कसैले तपाईलाई अश्लील चित्र, सामग्री वा अश्लील शब्द प्रयोग गर्ने गरेको छ भने बाल हेल्पलाइन १०९८ मा पनि फोन गर्न सक्नुहुनेछ । तपाई सदैव सम्झनुहोस् यो तपाईको गल्ती होइन । यदि तपाईलाई यस्ता असहज शब्द वा साइबर क्याफेमा भएको छ भने तपाईले साइबर सञ्चालकहरुलाई यो कुरा भन्नुस् । यदि तपाइको घरमै यस्तो भएको छ भने तपाईले आफ्ना अभिभावकहरुसँग भन्नुहोस् । तपाईले एउटा कुरालाई भने सदैव ध्यान दिनुपर्दछ, कुनैपनि कुरा यदि तपाईले इन्टरनेटमा पठाउनुभएको छ भने, त्यो सबैको निम्ति सार्वजनिक भएको हुन्छ । त्यसैले विचार पुऱ्याउनुहोस कुनैपनि कुरा इन्टरनेटमा पठाउनुभन्दा पहिले आफ्नो गोप्यतालाई पनि ध्यान दिनुहोस् । कतिपय बेला तपाईले इन्टरनेटमा आफ्नो तस्वीर राख्दा त्यसलाई अरुले गलत ढङ्गले निर्माण गरी प्रयोग गर्न पनि सक्दछन् । अर्को कुरा तपाईहरुले इन्टरनेटमा च्याट गर्दा सबैले सही विवरण नभनेका पनि हुन सक्दछन् । कतिपय बेला तपाईले १४ वर्षको मानिस ठानेर कुरा गरिरहेको व्यक्ति ४५ वर्षको पनि हुन सक्दछ । तपाईले च्याट गर्दा प्रयोग गरिएका शब्दहरुलाई पनि ध्यान दिनु जरुरी छ । कतिपय मानिसहरुले तपाईलाई धेरै उक्साएर कुरा गरिरहेको छ भने उसले तपाईलाई गलत नियतले कुरा गर्न खोजेको पनि हुन सक्दछ ।

किनकी, तपाईलाई थाहा नहुन पनि सक्दछ कि, कसले तपाईको इन्टरनेटलाई गलत रुपमा प्रयोग गरिरहेको छ । त्यसको साथै तपाई आफैले पनि कहिलेपनि अरुलाई इन्टरनेटमा गलत र असभ्य भाषाको प्रयोग

नगर्नुहोस् । तपाई सदैव सम्झनुहोस् तपाईले अरुलाई जस्तो व्यवहार गर्नुहुन्छ अरुले पनि तपाईलाई त्यस्तै गर्छन् । कहिलेपनि इन्टरनेटबाट कुनै गीत वा सिनेमालाई डाउनलोड नगर्नुहोस् किनकी, त्यस्ता सामग्रीहरु कपीराइट कानुन अन्तर्गत राखिएका हुन्छन् ।

अर्को कुरा भने तपाई कहिले पनि अनलाइनमा कुरा गरेको व्यक्तिसँग कुनै पनि ठाउँमा एक्लै भेट्ने कोशिष नगर्नुस् । यदि, तपाई भेट्न चाहनुहुन्छ भने यो कुरा आफ्ना अभिभावहरुलाई भन्नुस् । उहाँहरुलाई सँगै लिएर जानुस् । यदि उहाँहरु जान सक्नुभएन भने आफूले विश्वास गरेको कुनै वयस्क मानिसहरु लिएर जानुस् । अन्यथा तपाईले एक्लै भेट्न जाँदा खतरा पनि हुन सक्दछ । तपाईले कहिलेपनि आफ्नो इन्टरनेटको पासवर्ड अरु कसैलाई दिनुहुँदैन ।

त्यसैगरी, अभिभावहरुले पनि आफ्ना बालबालिकाहरुले इन्टरनेटको कसरी प्रयोग गरिरहेका छन् भन्ने बारेमा निगरानी राख्नु जरुरी छ । कतै आफ्ना बालबालिकाहरुले इन्टरनेट चलाउने नाममा विभिन्न खालका गलत साइट वा गेमहरुको प्रयोग त गरिरहेका छैनन् ? त्यसको साथै अर्को महत्वपूर्ण कुरा घरको कम्प्युटर सदैव बैठक कोठामा राख्ने गर्नुहोस् । कहिलेपनि कम्प्युटरलाई बालबालिकाको कोठामा नराख्नुहोस् । यसो गर्दा तपाईले आफ्ना नानीहरुले इन्टरनेटमा कस्ता कुराहरु अवलोकन गरिरहेका छन् भन्ने बारेमा निगरानी राख्न सक्नुहुनेछ ।


**समुन्नत, समृद्ध, नयाँ नेपाल !**

**महिला तथा बालबालिकाको साथमा मात्र सम्भव छ !!!**

CWIN

Plan
Be a part of it.



**बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका**

**बाल चौतारी**

**प्लान नेपाल, रेडियो सगरमाथा र सिविन नेपालको सहकार्यमा**

आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म

रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा

**अवश्य सुन्नुहोस्**

## *विज्ञप्ति*

"बालबालिकालाई श्रममा होइन विद्यालयमा"

# सन्दर्भ बालश्रमविरुद्ध विश्व दिवस

सन् २००२ देखि १२ जुनका दिन संसारभरि बालश्रमविरुद्ध विश्व दिवस मनाइँदै छ । बालबालिका समाजका अभिन्न अंग हुन्, तर नेपाल लगायत विश्वका धेरै मुलुकहरुमा थुप्रै बालबालिकाका बालापनहरु क्डा श्रमसँगै बिताइरहेका छन् । विश्वमा ५ देखि १४ वर्षसम्मका १६ करोड ५० लाख बालश्रमिकहरु रहेका छन् । जसमध्ये, अधिकांश शोषणमूलक जोखिमपूर्ण श्रममा लाग्न बाध्य भएका छन्।

नेपाली बालबालिकाले पनि बालश्रमको चपेटाबाट मुक्ति पाउन सकेका छैनन् । करिब २६ लाख नेपाली बालबालिकाहरुले काम गर्ने गरेका छन् । जसमा १० देखि १४ वर्षका ४२ प्रतिशत बालबालिकाहरु विद्यालय जानुको सट्टा श्रम गर्ने गर्दछन् ।

नेपालमा प्राय जहाँ श्रम छ, त्यहाँ बालश्रम रहेको पाइन्छ । घरेलु काम देखि निर्माण कार्यहरुसम्म, कृषि देखि खानीसम्म, कारखानादेखि इटाभट्टासम्म, गाउँदेखि शहरका सडकसम्म बालश्रमिकहरु जहिँतही देखिन्छन् । आज यस बालश्रमविरुद्ध विश्व दिवसले नयाँ नेपालको निर्माणमा बालश्रमशोषणको निर्मूल गर्नको निम्ति प्राथमिकता दिन सबैलाई झकझक्याएको छ । राज्यले पटक पटक गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु व्यवहारमा उतार्न सहज पनि गराएको छ । बालबालिकालाई श्रममा होइन, शिक्षामा सहभागी गराउन व्यवहारिक कार्यक्रम सञ्चालन गर्न स्मरण गरिएको छ । यस बालश्रमविरुद्ध विश्व दिवको मूल नारा"शिक्षा नै बालश्रमको निम्ति उपयुक्त सम्बोधन"ले पनि श्रममा संलग्न भएका बालबालिकालाई शिक्षामा सहभागी गराउन राज्यलाई दबाब सिर्जना गरेको छ । नयाँ नेपालको निर्माणको संवेदनशील चरणमा रहेको वर्तमान अवस्थामा हामी सरकार तथा नव निर्वाचित संविधानसभासद्हरुलाई बालश्रमको बिषयलाई राष्ट्रिय प्राथमिकतामा राख्दै बालबालिकालाई श्रमबाट शिक्षामा डोऱ्याउन हार्दिक आव्हान गर्दछौं । नयाँ नेपालको नयाँ संविधानमा बालश्रमशोषणविरुद्ध र बालअधिकारका संरक्षणको बिषयलाई सुनिश्चित गर्न पनि आव्हान गर्दछौं ।

## *समाचार*

# बालश्रमविरुद्ध विश्व दिवस सम्पन्न

काठमाण्डौ बास– महिला बालबालिका तथा समाजकल्याण मन्त्री पम्फा भुसालले नयाँ संविधानमा बालअधिकारको प्रत्याभूति गरी उनीहरुको गाँस,बास र शिक्षाको व्यवस्था गरिने बताउनुभएको छ । बालश्रमविरुद्ध विश्व दिवसका अवसरमा सिविन नेपालद्वारा राजधानीमा आयोजित एक कार्यक्रममा मन्त्री भुसालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा नेपालले हस्ताक्षर गरेपनि व्यवहारमा त्यो लागू नभएको बताउनुभयो ।

उहाँले अर्धसामन्ती प्रणाली नै बालश्रमशोषणको मुख्य कारण हो भन्दै नयाँ नेपाल निर्माणका लागि बालबालिकाको शारीरिक र मानसिक विकासमा जोड दिनुपर्ने बताउनुभयो । सो अवसरमा नेपालका बालश्रमको वास्तविक अवस्था झल्काउने चलचित्र फिलिङ्गोको विशेष प्रदर्शन गरिएको थियो ।

सोही अवसरमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको आयोजनामा विहान प्रभातफेरी समेत आयोजना गरिएको थियो ।

**बालबालिकालाई कुनैपनि हिंसात्मक गतिविधिमा संलग्न नगरौं ।**
**विद्यालयलाई शान्ति क्षेत्र बनाऔं ।**

# विद्यालयमा बम विस्फोट

रौतहटबाट माधव लोहनी :

जेठ २९ गते विहान १० बजे रौतहट जिल्लाको धमौरा गाविस स्थित श्री माविमा अकस्मात बम पड्िएर १ शिक्षक सहित ३ जना बालबालिका सख्त घाइते भएका छन् । घटनाप्रति गम्भीर ध्यानाकर्षण गर्दै सिविन नेपालले एक प्रेस विज्ञप्ति जारी गरेको छ ।

घटनामा विद्यालयका शिक्षक राजेन्द्र साह सहित कक्षा ६ मा अध्ययनरत राकेश पण्डित र प्रयाग शाह तथा कक्षा ८ मा अध्ययनरत राजकिशोर यादव सख्त घाइते भएका छन् । विद्यालय नजिकै रहेको खोलामा बगाएर ल्याएको बमलाई अन्जानमा बालबालिकाले विद्यालयमा ल्याएर खेलाउँदा उक्त बम पड्किएको थियो । घटनामा घाइते शिक्षक तथा विद्यार्थीहरुलाई उपचारार्थ नारायणी क्षेत्रीय अस्पतालमा लगिएको र उपचार भइरहेको छ । उपचारमा लाग्ने खर्च हाललाई सिविन नेपालले उपलबध गराएको छ ।

विद्यालय शान्ति क्षेत्र हुन् भन्ने राष्ट्रिय अभियानमा सबै राजनैतिक दलहरुले प्रतिबद्धता जाहेर गरेतापनि समय–समयमा विद्यालय तथा बालबालिकामाथि भएका हिंसात्मक गतिविधिले बालबालिकाले शान्तिपूर्ण रुपमा शिक्षा हासिल गर्ने अधिकारको उल्लंघन भएको सिविनले जनाएको छ । यसबारेमा सम्बन्धित पक्षले तुरुन्तै ध्यान दिनुका साथै घाइतेलाई उचित उपचार तथा क्षतिपूर्तिको समेत सिविनले माग गरेको छ ।

# शिक्षा लगानी गर्नुपर्नेमा सरोकारवालाहरुको जोड




समृद्ध र नयाँ नेपाल बनाउनको लागि शिक्षामा विशेष लगानी गर्नेपर्नेमा यस क्षेत्रका सरोकारवालाहरुले जोड दिएका छन् । उनीहरुले प्रत्येक नागरिकलाई शिक्षा प्रदान गर्नु राज्यको दायित्व समेत भएको धारणा राखेका छन् । बालतृणा मासिक तथा सिविन नेपालद्वारा परिवर्तित अवस्था र शिक्षा बिषयमा हालै राजधानीमा आयोजना गरिएको विचार गोष्ठीका सहभागीहरुले उक्त धारणा राखेका हुन् । सोही कार्यक्रमका सहभागीहरुले शिक्षामा

व्यापारीककरण बन्द गरिनुपर्ने, शिक्षा प्राविधिक र व्यवहारिक दुवै हुनुपर्ने, निजी र सार्वजनिक विद्यालयबीचको विभेद हटाउनुपर्ने, शिक्षालाई रोजगारमुखी तथा व्यवसायिक बनाउनुपर्नेमा समेत जोड दिएका थिए ।

सो कार्यक्रममा नेकपा एमालेका सभासद शंकर पोखरेलले नेपालमा निजी क्षेत्रबाट सञ्चालित विद्यालयप्रति अभिभावकहरुको आकर्षण बढिरहेको अवस्थामा शिक्षाका सरोकारवालाहरुले समेत एउटै लक्ष्य र उद्देश्यका साथ अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । उहाँले नेपालका प्रमुख राजनैतिक दलहरुबीचमा पनि शिक्षाको सवालमा एउटै सहमति हुनु पनि उत्तिकै जरुरी भएको बताउनुभयो ।

सो कार्यक्रममा परिवर्तित अवस्था र शिक्षा बिषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै प्राध्यापक डा.विद्यानाथ कोइरालाले नेपालमा देशको कूल बजेटको १ प्रतिशतमात्र औपचारिक शिक्षामा छुट्टयाइनु बिडम्बनापूर्ण अवस्था रहेको बताउनुभयो । उहाँले नेपालमा अत्यन्त कठिनताकासाथ प्रतिवर्ष १ प्रतिशतका दरले साक्षरता दर बढेको बताउनुभयो ।

सोही कार्यक्रममा बदलिँदो परिस्थितिमा विद्यालय शिक्षा नीति शीर्षकमा अर्को कार्यपत्र प्रस्तुत गर्दै सेभ द चिल्ड्रेन नर्वेका भोलाप्रसाद दाहालले हरेक वर्ष कक्षा १ मा भर्ना भएका सम्पूर्ण बालबालिकामध्ये २१ प्रतिशतले विद्यालय छाड्ने गरेको बताउनुभयो । उहाँले विद्यालय शिक्षापछि एकवर्षको निरक्षरता उन्मूलनका लागि ग्रामीण क्षेत्रमा स्वयंसेवक भइ गरिने सेवालाई अनिवार्य र स्नातकपछि अर्को ६ महिना गाविसमा सामाजिक परिचालको सेवा र स्नातकोत्तरका लागि एक वर्षको स्थानीय अनुसन्धानलाई पनि पाठ्यक्रमभित्रै समावेश गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल विद्यार्थी संघका अध्यक्ष प्रदिप पौडेलले कक्षा ८सम्म प्राथमिक बनाइ त्यसलाई निःशुल्क बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले अझैसम्म पनि सामुदायिक विद्यालयबाट १५ प्रतिशत विद्यार्थी मात्र उर्तिर्ण भएकाले झण्डै ८० प्रतिशत विद्यार्थी अयोग्य सावित भएको धारणा राख्नुभयो ।

त्यसो त अर्का विद्यार्थी नेता अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका महासचिव गोकुल घर्तीले समृद्ध नेपाल बनाउने हो भने शिक्षामा विशेष लगानी गर्नुपर्ने धारणा राख्नुभयो ।

सोही कार्यक्रममा यस वर्षको प्रवेशिका परीक्षमा सफल विभिन्न कठिन परिस्थितिमा रहेका र सिविनको शैक्षिक सहायतामा अध्ययन गरिरहेका बालबालिकाहरुलाई सम्मान पनि गरिएको थियो ।

कार्यक्रममा प्याब्सनका अध्यक्ष भोजबहादुर शाहले यसवर्षको प्रवेशिका परीक्षामा उर्तिण भएका जोखिम परिस्थितिका दुई जना विद्यार्थीहरुलाई सिविनको सिफारिसमा कक्षा ११ र १२मा निःशुल्क अध्यापन गराउने जानकारी गराउनुभएको थियो भने त्यस्तै मनमोहन कलेजमा मानविकी, व्यवस्थापन तथा शिक्षा संकायमा एक एक जना विद्यार्थीलाई निःशुल्क अध्यापन गराउने व्यवस्था मिलाउने घोषणा नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव बाबुराम अधिकारीले गर्नुभएको थियो ।

सोही कार्यक्रममा युनिसेफ नेपालको सहयोगमा सिविन नेपालद्वारा विभिन्न भाषामा तयार पारिएको विद्यालय शान्ति क्षेत्र हुन् शीर्षकको पोष्टर यसपालीको प्रवेशिका परीक्षा उर्तिर्ण गर्न सफल बालक पदम कार्की र बालिका प्रमिला पराजुलीले संयुक्त रुपमा विमोचन गर्नुभएको थियो ।

# अर्धवार्षिक बैठक सम्पन्न




काठमाण्डौ सिविन नेपालको अर्धवार्षिक समीक्षा बैठक सम्पन्न भएको छ । बैठकमा सन् २००८ को जनवरीदेखि जूनसम्मको अवधिमा सिविन नेपालले सम्पन्न गरेका विभिन्न कार्यक्रमहरुका बारेमा समीक्षा गरिएको थियो । दुई दिनसम्म आयोजना गरिएको उक्त बैठकमा सिविनका विभिन्न विभागमा कार्यरत विभागीय प्रमुखहरुले आ-आफ्ना कार्यक्रम गतिविधिहरुका बारेमा समीक्षात्मक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सोही कार्यक्रममा सिविन नेपालकी कार्यकारी संयोजक सुम्निमा तुलाधरले सिविन नेपालको दशवर्षे रणनीतिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।

*तथ्य*

# शिक्षासम्बन्धी केही तथ्यहरू

- सन् २००१ को जनगणनाको राष्ट्रिय प्रतिवेदन अनुसार नेपालको राष्ट्रिय साक्षरता दर ५४ प्रतिशत रहेको छ ।
- पुरुष साक्षरता प्रतिशत ६५.५ रहेको छ भने महिला साक्षरता प्रतिशत ४२.५ मात्र रहेको छ ।
- १०० जना नेपाली बालबालिकाहरु मध्ये, ८७ जनाले मात्र विद्यालय भर्नाको अवसर पाउँछन् । तर उनीहरु मध्ये ५८ जनाले मात्र प्राथमिक शिक्षा पूरा गर्ने गर्दछन् ।
- १०० जना बालबालिकामा ८६ जना बालकहरुको दाँजोमा ७४ जना मात्र बालिकाहरु विद्यालय भर्ना हुन्छन् ।
- सन् १९९८ मा १९.२ प्रतिशतका दरले बालबालिकालाई विद्यालय छोड्ने/छोडाउने गरिएको थियो भने सन् २००० मा यसरी बालबालिकालाई विद्यालय छोड्ने/छोडाउने दर १४.५ प्रतिशतमा घटेको पाइएको छ ।
- प्राथमिक तहमा बालबालिकाहरुको विद्यालय भर्ना भर्नादर ८७.४ प्रतिशत पुगको छ ।

- सरकारी र निजी गरी कूल विद्यालय संख्या २८,०२६ पुगेको छ ।
- निम्न माध्यमिक तहमा बालबालिकाहरुको विद्यालय भर्नाको दर ५८ प्रतिशत रहेको छ भने माध्यमिक तहमा ३७ प्रतिशत मात्र रहेको छ ।
- हाल शिक्षक र बिद्यार्थीको अनुपातको कुरा गर्दा तराई र उपत्यकामा एक जना शिक्षकको अनुपातमा ५० जना विद्यार्थी रहेको छ भने पहाडी क्षेत्रमा एकको अनुपातमा ४५ र हिमाली क्षेत्रमा एकको अनुपातमा ४० रहेको छ ।
- नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार २०६३ मा ६ वर्ष माथिको साक्षरता दर ६३ प्रतिशत ( महिलाको ५१ प्रतिशत र पुरुषको ७७ प्रतिशत) र १५ वर्ष माथिको साक्षरता दर ५२ प्रतिशत (महिलाको ३८ प्रतिशत र पुरुषको ६९ प्रतिशत) पुगेको छ ।
- नेपालमा ६ देखि १५ वर्षका विद्यालय जाने उमेर समूहका बालबालिकाहरुको संख्या करिब ४१ लाख छ भने तिनीहरुका निम्ति सरकारी र निजी विद्यालय गरी कूल विद्यालयहरुको संख्या ३७ हजार ५६६ रहेको छ ।
- शिक्षाका लागि विश्वव्यापी अभियान नेपालको विद्यालय भर्ना तथा विद्यालय स्वागत कार्यक्रमको प्रभाव स्वरुप शैक्षिक वर्ष २०६२/२०६३ मा अघिल्ला वर्षको तुलनामा ५ लाख भन्दा बढी बालबालिका विद्यालय भर्ना भएका थिए ।
- सामान्यतया शिक्षामा दलित बालबालिकाहरुको सहभागिता प्राथमिक विधालयमा ४० प्रतिशत, माध्यमिक विधालयमा ३० प्रतिशत मात्रै रहेको छ भने १० प्रतिशत मात्रै शारिरीक अपाङ्गता रहेका बालबालिकाहरु साक्षर रहेका छन् ।

*स्रोतः स्थिति प्रतिवेदन, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम II, नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय /युनेस्को नेपाल/सिविन/आइ.एल.ओ / नेपाल अपाङ्ग महासंघ/ केन्द्रीय तथ्याङ्क विभाग /शिक्षाको लागि विश्व अभियान/जुलाइ,२००६*

---


**सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित**

CWIN सिविन-नेपाल

Plan Be a part of it. प्लान-नेपाल



सम्पर्क ठेगानाः पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेलःcwinpublication@gmail.com



प्रमुख सल्लाहकार : सुम्निमा तुलाधर

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल,सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

**सम्पादकः विमलकुमार थापा**